apandainik.com

सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२

जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः २५९ ● पृष्ठः ४ ● १८ असोज २०८३ आइतबार (04 October 2026, Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




# सिरहामा बढ्दै सम्बन्ध विच्छेदका मुद्दा

## दुई महिनामै ४४ दर्ता, गत वर्ष २५४ मुद्दा दर्ता, १६० फैसला हुँदा ९४ अझै विचाराधीन

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १७ गते**

सिरहा जिल्ला अदालतमा सम्बन्ध विच्छेदका मुद्दा दर्ता हुने क्रम बढ्दै गएको छ । चालु आर्थिक वर्ष २०८३/०८४ को सुरुवाती दुई महिनामै अदालतमा सम्बन्ध विच्छेदसम्बन्धी ४४ वटा मुद्दा दर्ता भएका छन्।

अदालतका अनुसार २०८३ साउन देखि भदौ मसान्तसम्म ४४ वटा सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएका हुन्। अघिल्लो आर्थिक वर्ष २०८२/०८३ मा भने अदालतमा २५४ वटा सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएका थिए।

गत आर्थिक वर्ष दर्ता भएका मुद्दामध्ये १६० वटा फैसला भइसकेका छन् भने ९४ वटा मुद्दा अझै विचाराधीन छन्।




अदालतका अनुसार श्रीमान्-श्रीमती बीचको विवाद, आपसी असमझदारी तथा विभिन्न पारिवारिक कारणले सम्बन्ध विच्छेदका मुद्दा दर्ता हुने गरेका छन्। यद्यपि, प्रत्येक मुद्दाका कारण फरक-फरक हुने भएकाले सम्बन्ध विच्छेद बढ्नुको एउटै कारण निर्धारण गर्न नसकिने सरोकारवालाहरू बताउँछन्।

अधिवक्ता शिवनन्दन कुमार साहले पछिल्लो समय वैवाहिक सम्बन्धमा बढ्दो असमझदारी, सामाजिक सञ्जालको प्रभाव, पति-पत्नीबीच पर्याप्त समयको अभाव तथा अन्तरजातीय विवाहपछि उत्पन्न हुने पारिवारिक र सामाजिक चुनौतीले सम्बन्धमा समस्या बढाइरहेको बताए।

उनका अनुसार महिलाको आर्थिक तथा सामाजिक आत्मनिर्भरता बढ्दै जाँदा वैवाहिक सम्बन्धमा समस्या आएपछि त्यसलाई निरन्तरता दिनुभन्दा कानुनी प्रक्रियामार्फत अलग हुने प्रवृत्तिसमेत बढेको छ।

शिक्षाविद् तथा अवकाशप्राप्त शिक्षक केशीलाल यादवले महिला स्वतन्त्रता, वैदेशिक रोजगारी, आर्थिक असमझदारी, पारिवारिक समस्या तथा मोबाइल र सामाजिक सञ्जालको बढ्दो प्रयोगले समेत दाम्पत्य सम्बन्धमा चुनौती थपिरहेको बताए।

सरोकारवालाहरूका अनुसार वैदेशिक रोजगारीका कारण लामो समयसम्म पति-पत्नी अलग रहनुपर्ने अवस्था, आर्थिक समस्या, पारिवारिक कलह तथा बदलिँदो सामाजिक मूल्य-मान्यताले पनि वैवाहिक सम्बन्धमा असर पारिरहेको छ।

पछिल्लो समय व्यक्तिगत स्वतन्त्रता र अधिकारप्रतिको चेतना बढेसँगै वैवाहिक सम्बन्धमा गम्भीर समस्या आए कानुनी रूपमा अलग हुने निर्णय लिन सहज भएको उनीहरूको भनाइ छ।

अदालतमा विचाराधीन सम्बन्ध विच्छेदका मुद्दा कानुनी प्रक्रियाअनुसार निरूपण हुँदै जाने अदालतले जनाएको छ।

# सिरहामा ११० किलो गाँजासहित तीन जना पक्राउ



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १७ गते**

सिरहाको औरही गाउँपालिका-१, दरैया क्षेत्रबाट सशस्त्र प्रहरीले ११० किलोभन्दा बढी प्रतिबन्धित लागुऔषध गाँजासहित तीन जनालाई पक्राउ गरेको छ।

सशस्त्र प्रहरीका अनुसार शनिबार बिहान करिब १:३५ बजे विशेष सूचनाका आधारमा खटिएको टोलीले नेपालबाट भारततर्फ टाउकोमा बोकेर गाँजा लैजाँदै गरेका तीन जनालाई नियन्त्रणमा लिएको हो।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाबाट सशस्त्र प्रहरी नायब निरीक्षकको कमाण्डमा खटिएको १५ जनाको टोलीले उनीहरूलाई ६ बोरामा रहेको ११० किलो ७६० ग्राम

बाँकी पृष्ठ ३ ▸▸

# दुई महिनामा विपद्का घटनाबाट मधेश प्रदेशमा ९२ जनाको मृत्यु

## करेन्ट लागेर मात्रै ३९ जनाको ज्यान गयो, डुबेर २९ को मृत्यु



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १७ गते**

मधेशमा पछिल्ला दुई महिनामा विपद्का ४५९ घटना भएका छन्। ती घटनामा परी ९२ जनाको मृत्यु भएको छ। ५०० भन्दा बढी परिवार प्रभावित भएका छन्।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार चालु आवको साउन र भदौ महिनामा भएका विपद्का घटनामा ४७ पुरुष, १९ महिला र २६ बालबालिकासहित ९२ जनाले ज्यान गुमाएका हुन्।

उक्त अवधिमा आगलागी, बाढी, चट्याङ, करेन्ट, पानीमा डुब्ने, जङ्गली जनावरको आक्रमण, डुबानलगायत विपद्का घटना भएका छन् । विपद्का कारण मानवीय क्षतिसँगै घर, पशुचौपाया तथा अन्य भौतिक संरचनामा क्षति पुगेको छ।

विपद्का विभिन्न घटनामध्ये करेन्ट लागेर मृत्यु हुनेको सङ्ख्या सबैभन्दा बढी रहेको छ । दुई महिनामै करेन्ट लागेर ३९ जनाको मृत्यु भएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक(एसएसपी) प्रभुप्रसाद ढकालले जानकारी दिए।

त्यसैगरी पानीमा डुबेर २९ जनाको मृत्यु भएको छ। जङ्गली जनावरको आक्रमणबाट पाँच जना, चट्याङ लागेर तीन जना तथा आगलागीबाट एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। अन्य विभिन्न विपद्का घटनामा १३ जनाको मृत्यु भएको छ।

प्रहरीका अनुसार मृत्यु हुनेमा बालबालिकाको सङ्ख्या पनि उल्लेख्य

बाँकी पृष्ठ ३ ▸▸

# अधिकार रक्षाका लागि मधेशवादी दलबीच एकता हुनुपर्छ : मधेशवादी नेता

**अपन दैनिक संवाददाता**
**वीरगञ्ज, असोज १७ गते**

मधेशवादी दलका नेताहरूले लामो सङ्घर्ष र बलिदानबाट प्राप्त संवैधानिक अधिकार रक्षाको निम्ति मधेशवादी दलबीच एकता हुनुपर्ने आवश्यकता औंल्याएका छन्।

शनिबार जनमत पार्टीको दोस्रो राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै मधेशवादी नेताहरूले यस्तो बताएका हुन्।

उनीहरू महिला, मधेशी, दलित तथा उत्पीडित समुदायको संवैधानिक अधिकार कटौती हुने खतरा बढ्दै गएको उल्लेख गर्दै त्यसको रक्षा गर्दै थप अधिकारका निम्ति एकजुट हुनुपर्ने बताएका छन्।

'विगतका राजनीतिक आन्दोलनबाट प्राप्त उपलब्धिमाथि खतरा उत्पन्न भएको छ,' कार्यक्रममा जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले भने, 'अधिकार, पहिचान र प्राप्त उपलब्धिको रक्षाका लागि पुनःसङ्घर्ष गर्नुपर्ने समय आएको छ, नेपालमा अझै पनि मधेशी समुदाय विभेद र उत्पीडनमा रहेको छ।'




मधेशवादी दलका धेरै राजनीतिक मुद्दा समान रहेको उल्लेख गर्दै उनले फरक-फरक रूपमा अघि बढ्नुभन्दा सहकार्य गरेर अगाडि बढ्नुपर्ने धारणा राखे।

अध्यक्ष यादवले राज्यका निकायमा मधेशी समुदायको जनसङ्ख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमासमेत जोड दिए।

नेपाल सङ्घीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले मधेशवादी दल सत्ता केन्द्रित राजनीतिभन्दा जनकेन्द्रित राजनीति र परिणाममुखी राजनीतिक संस्कार हुनुपर्नेमा जोड दिए।

मधेश, आदिवासी जनजाति, दलित, मुस्लिम, थारू, महिला तथा सबै उत्पीडित र सीमान्तकृत समुदायको अधिकार सुनिश्चित नगरी समतामूलक नेपाल निर्माण गर्न नसकिने उनको भनाइ छ।

प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का केन्द्रीय सदस्य तथा मधेश प्रदेश अध्यक्ष अमिताभ बच्चन दासले सङ्घीय लोकतान्त्रिक गणतन्त्रबाट प्राप्त उपलब्धि र अधिकारको रक्षाका लागि सबै एकजुट हुनुपर्ने बताए।

# ब्राउन सुगरजस्तो देखिने पदार्थसहित युवक पक्राउ



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १७ गते**

सिरहाको कर्जन्हा नगरपालिका-२, बन्दीपुरस्थित पूर्व-पश्चिम राजमार्गबाट प्रहरीले ब्राउन सुगरजस्तो देखिने पदार्थसहित एक युवकलाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय मिर्चैया र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजार, सिरहाबाट खटिएको संयुक्त प्रहरी टोलीले शुक्रबार राति करिब ११:४५ बजे पोखरातर्फ जाँदै गरेको गण्डकी प्रदेशको यात्रुवाहक बस जाँच गर्ने क्रममा उक्त पदार्थ बरामद गरेको हो।

बाँकी पृष्ठ ४ ▸▸




# चाडपर्व लक्षित धनुषामा १ हजार २ सयभन्दा बढी प्रहरी परिचालन गरिने



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १७ गते**

चाडपर्व लक्षित धनुषामा १ हजार २ सयभन्दा बढी प्रहरी परिचालन गरिने भएको छ। हिन्दूहरुको महानपर्व दशैं, तिहार तथा छठ लक्षित गर्दै जिल्ला प्रहरी कार्यालय धनुषाले विशेष सुरक्षा योजना तयार गरेको हो । जस अन्तर्गत जिल्लाभर १ हजार २ सय ११ जना प्रहरी परिचालन गरिने प्रहरी उपरीक्षक रुपेश खड्काले जानकारी दिए।

शुक्रबार जिल्ला प्रहरी कार्यालयमा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रहरी उपरीक्षक खड्काले चाडपर्वमा हुन सक्ने सम्भावित घटनालाई रोक्न विशेष सुरक्षा योजना तयार गरेको बताए। विशेष सुरक्षा योजना अन्तर्गत पिकेट, पैदल गस्ती, बजार अनुगमन, गाडी मोवायल, रिफ्रेश प्वाईन्ट लगायतको व्यवस्था गरिएको जानकारी दिए।

उनका अनुसार संवेदनशिल क्षेत्रमा परिचालगन गर्न थप ७० वटा ठाउँमा पिकेट राखिएको हो। यस्तै, आवश्यकता र औचित्यको आधारमा आकाशिमक रुपमा

बाँकी पृष्ठ ४ ▸▸

# मधेशका मुख्यमन्त्रीलाई बालबालिकाको चिठ्ठी



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १७ गते**

बालबालिकाको समस्या र माग समेटिएको चिठ्ठी मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई हस्तान्तरण गरिएको छ।

मधेश प्रदेशका बालबालिकाका सवाल, आवश्यकता र सुझावहरूलाई नीतिगत तहसम्म पुऱ्याउने उद्देश्यका

बाँकी पृष्ठ ३ ▸▸

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### चापाकल वितरण र अनियमितता

गढीमाई नगरपालिकामा हातेकल (चापाकल) जडान तथा कृषि क्षेत्र आधुनिकीकरणसम्बन्धी कार्यक्रम कार्यान्वयनमा अनियमितता भएको आरोपसहित उजुरी परेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले स्थलगत अनुसन्धान थालेको छ । स्थानीय तहमा सञ्चालन हुने विकास कार्यक्रमको पारदर्शिता र जवाफदेहितामाथि गम्भीर प्रश्न उठाएको छ। अख्तियारको टोलीले विभिन्न वडामा पुगेर कार्यक्रमसँग सम्बन्धित कागजात तथा विवरण संकलन गर्नुका साथै स्थानीय बासिन्दासँग प्रत्यक्ष भेटेर चापाकल जडानको वास्तविक अवस्था बुझिरहेको बताइएको छ। कागजमा देखाइएको संख्या र फिल्डमा वास्तवमै जडान भएका चापाकलबीचको अवस्था समेत परीक्षण गरिनु अनुसन्धानको महत्वपूर्ण पक्ष हो। चापाकल मधेशका ग्रामीण तथा विपन्न समुदायका लागि एउटा विकास आयोजना होइन, दैनिक जीवनसँग जोडिएको आधारभूत आवश्यकता हो। खानेपानीको सहज पहुँच नपुगेका परिवारका लागि एउटा चापाकलले ठूलो राहत दिन सक्छ। त्यसैले स्थानीय तहले जनताको खानेपानीको आवश्यकता पूरा गर्न चापाकल जडानमा बजेट खर्च गर्नु स्वाभाविक र आवश्यक पनि हो । तर जनताको आवश्यकता पूरा गर्ने नाममा राज्यको करोडौँ रुपैयाँ खर्च भएर पनि त्यसको वास्तविक लाभ नागरिकसम्म पुगेन भने त्यस्तो विकास खर्चमाथि प्रश्न उठ्नु स्वाभाविक हुन्छ। गढीमाईको घटनाले एउटा पालिकाको कार्यक्रममाथि मात्र प्रश्न उठाएको छैन्। मधेश प्रदेशका धेरै स्थानीय तहमा विगतदेखि नै चापाकल वितरण तथा जडानका नाममा ठूलो रकम खर्च हुँदै आएको छ। कतिपय ठाउँमा एउटै परिवार वा बस्तीमा दोहोरो-तेहरो रूपमा चापाकल वितरण भएको गुनासो सुनिन्छ। एउटै लाभग्राहीले विभिन्न योजना वा कार्यक्रमबाट पटक-पटक चापाकल पाउने, कागजमा जडान भएको देखाइए पनि फिल्डमा चापाकल नभेटिने, प्रयोगमा नआउने स्थानमा जडान गर्ने तथा आवश्यकताभन्दा पहुँचका आधारमा योजना छनोट हुनेजस्ता प्रश्न उठ्दै आएका छन् ।

चापाकलको संख्यामा यकिन गरिनु पर्छ। यसले स्थानीय तहको योजना छनोट, लाभग्राही पहिचान, खरिद प्रक्रिया, अनुगमन, भुक्तानी र सार्वजनिक लेखापरीक्षणसम्मको प्रणाली कमजोर रहेको संकेत गर्छ। एउटा चापाकलको लागत सानो देखिए पनि हजारौँको संख्यामा जडान गर्दा त्यसमा राज्यको करोडौँ रुपैयाँ खर्च हुन्छ। त्यसैले सानो-सानो योजनालाई सामान्य ठानेर बेवास्ता गर्ने प्रवृत्तिले ठूलो सार्वजनिक स्रोतको दुरुपयोगको बाटो खोल्न सक्छ। सबैभन्दा महत्वपूर्ण कुरा कागजमा चापाकल जडान हुनु र नागरिकको घरआँगनमा चापाकल हुनु एउटै कुरा होइन। स्थानीय तहले पेश गर्ने बिल, भरपाई, लाभग्राहीको सूची र प्राविधिक प्रतिवेदनले मात्र कार्यक्रम सफल भएको प्रमाणित गर्दैन् । वास्तविक परीक्षण फिल्डमै हुनुपर्छ। कागजमा १०० वटा चापाकल जडान भएको छ भने १०० वटै चापाकल कहाँ छन्, कसको घर वा सार्वजनिक स्थानमा छन्, सञ्चालनमा छन् कि छैनन्, लाभग्राहीले वास्तवमै प्रयोग गरिरहेका छन् कि छैनन् भन्ने प्रश्नको जवाफ खोजिनुपर्छ। यसका लागि अब स्थानीय तहहरूले चापाकल वितरणमा डिजिटल तथा सार्वजनिक अभिलेख प्रणाली विकास गर्न आवश्यक छ। प्रत्येक चापाकलको स्थान, लाभग्राहीको नाम, वडा, जडान मिति, लागत, योजनाको स्रोत र सम्बन्धित कार्यक्रमको विवरण अभिलेखमा राखिनुपर्छ। सम्भव भएसम्म भौगोलिक स्थान सहितको विवरण तयार गरी सार्वजनिक गर्न सकिन्छ। यसो गर्दा एउटै परिवार वा स्थानमा विभिन्न योजनाबाट दोहोरो-तेहरो चापाकल वितरण भएको छ कि छैन भन्ने कुरा सजिलै पहिचान गर्न सकिन्छ।

आगामी दिनमा कुनै पनि चापाकल योजनाको भुक्तानी गर्नुअघि स्थलगत प्रमाणीकरण अनिवार्य गरिनुपर्छ। वडा, प्राविधिक कर्मचारी, उपभोक्ता समिति तथा सम्बन्धित शाखाले मात्र होइन, सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणमार्फत स्थानीय नागरिकलाई समेत अनुगमनमा सहभागी गराउनुपर्छ। योजना सम्पन्न भएको प्रमाणपत्र कागजका आधारमा मात्र होइन, वास्तविक अवस्थाका आधारमा जारी हुनुपर्छ। अझ महत्वपूर्ण कुरा, प्रदेश र संघीय सरकारका विभिन्न कार्यक्रमबाट एउटै लाभग्राही वा स्थानमा दोहोरिने गरी बजेट खर्च नहोस् भन्नका लागि एकीकृत लाभग्राही तथा योजना अभिलेख आवश्यक छ। एउटा पालिकाले वितरण गरेको चापाकलको विवरण अर्को कार्यक्रम सञ्चालन गर्ने निकायले पनि हेर्न सक्ने व्यवस्था भए दोहोरो-तेहरो वितरणको सम्भावना धेरै हदसम्म घटाउन सकिन्छ। अख्तियारको स्थलगत अनुसन्धानले दोषी को हो भन्ने निष्कर्ष निकाल्ने आफ्नो कानुनी प्रक्रिया पूरा गर्ला। अनुसन्धानको निष्कर्ष आउनुअघि कसैलाई दोषी ठहर गर्नु उचित हुँदैन्। तर यस घटनाबाट स्थानीय तहहरूले भने महत्वपूर्ण पाठ सिक्नुपर्छ। अनियमितता भएको प्रमाणित भएपछि कारबाही गर्नु मात्र पर्याप्त हुँदैन् । अनियमितता हुनै नदिने प्रणाली निर्माण गर्नु अझ महत्वपूर्ण हो। मधेशका पालिकाहरूले चापाकल वितरणलाई राजनीतिक पहुँच, कार्यकर्ता व्यवस्थापन वा बजेट खर्च गर्ने माध्यम होइन, नागरिकको खानेपानी अधिकारसँग जोडिएको कार्यक्रमका रूपमा लिनुपर्छ। करोडौँ रुपैयाँ खर्च गरेर कागजमा हजारौँ चापाकल थपिएको देखाउनुको अर्थ हुँदैन्। चापाकल नागरिकका घरआँगनमा छैनन् वा पानी नै आउँदैन भन्ने विषयको खोजी गरिनु पर्छ। पछिल्लो १० वर्षमा कति चापाकल वितरण भयो ? भन्ने प्रश्नभन्दा कति चापाकल वास्तवमै सञ्चालनमा छन् र त्यसबाट कति परिवार लाभान्वित भए? भन्ने प्रश्नलाई प्राथमिकता दिने हो। गढीमाईमा भइरहेको स्थलगत अनुसन्धानले यदि कुनै कमजोरी वा अनियमितता उजागर गर्छ भने त्यसलाई एउटा पालिकाको घटनाका रूपमा सीमित नराखी मधेशका अन्य पालिकामा समेत चापाकल वितरण कार्यक्रमको नमुना परीक्षण गरिनुपर्छ। जनताको कर तथा राज्यको बजेटबाट सञ्चालन हुने प्रत्येक योजना जनताकै हितमा पुग्नुपर्छ। चापाकलको हकमा पनि यही सिद्धान्त लागू हुन्छ। कागजमा होइन, जमिनमा देखिने विकास चाहिन्छ।

# आत्मदाहको आगोमै जल्यो न्याय



## ‘प्रहरी मेरो साथी’ नारामै सीमित



✍ विक्रम रत्न

**“प्रहरी मेरो साथी” भन्ने नारा नै छ । तर किन साथीको व्यवहार हुन सकेको छैन ? किन “मुस्कानसहितको सेवा” दिन नसकेर चित्त दुखाई मात्रै भइरहेको छ ? सम्बन्धित निकायले यी घटनाहरुबाट पाठ सिकेर आफूलाई सुधार गर्न ढिला भइसकेको छ ।**

पुरानाले केही गरेनन्, नयाँले केही गर्लान् भन्ने आशा पलाएका दुईजना सवारी चालक सरकारकै दुर्व्यवहारका कारण आत्मदाह गर्न बाध्य भए । आत्मदाहको घटना सामान्य होइन, तर नयाँ भनिएकाहरूले पनि आत्मदाह गर्नुको पीडा बुझ्न सकेनन् र हरेक आत्मदाहको घटनामा संलग्न व्यक्तिहरूलाई कारबाही गर्नुको साटो सम्झौतामा क्षतिपूर्ति दिएर टुंग्याइयो। जसले गर्दा मर्ने मरेर गए, घटनाका दोषीहरू निर्धक्क सडकमा घुमिरहे।

सवारी चलाएर ज्यान पाल्न बाध्य गरिब, मजदुरको यो व्यथालाई केही गर्ला कि भन्ने सरकारले पनि सुनेन, जसका कारण आत्मदाहको घटना बढ्दै गएको छ। यो सरकारप्रतिको आक्रोश हो । जबसम्म दोषिमाथि कारबाही हुँदैन तबसम्म यही नियति चालकहरूले भोगिरहनुपर्छ।

फेरी उही नियति दोहोरियो गत असोज ५ गते । काठमाडौँको त्रिपुरेश्वरस्थित बसस्टप नजिक रिद्धिसिद्धी यातायातको बसमा आगजनी गरेर मकवानपुर इन्द्रसरोवर गाउँपालिका सिस्नेरीका अर्जुन दोङ तामाङले आत्मदाहको प्रयास गरे । तत्कालै उनलाई उद्धार गरेर किर्तिपुर बर्न अस्पतालमा उपचारका लागि लगिए पनि सोही दिन राति नै उनको मृत्यु भयो।

विगतमा जस्तै, यस घटनामा पनि ट्राफिक प्रहरी र तामाङबीच भएको वादविवाद नै उनलाई मृत्युको मुखमा पुऱ्याउने कारक बन्यो । सामाजिक सञ्जालमा उपलब्ध भिडियोमा हेर्दा ट्राफिक नियम उल्लंघनको आरोपमा उनलाई ट्राफिक प्रहरीले जरिवाना गर्न खोजेको देखिन्छ । तर तामाङले आफ्नो गल्ती नभएको जिकिर गर्दै बिना कसुर आफूलाई जरिवाना गर्न खोजिएको दाबी गर्छन्।

आफूले माफी मागेपनि प्रहरीले तिरस्कार गरेको भन्दै चालक ‘बरु मर्न तयार छु, तर जरिवाना तिर्दिनँ’ भन्छन्। त्यहीँ साइडमै गाडि पार्किङ गरेर एकैछिन हराएका उनी केही समयपछि गाडिभित्रै बसेर गाडीमा आगजनी गर्छन् र प्राण फ्याल्छन्।

प्रहरी र चालकका बीचमा हुने वादविवादले किन एकै प्रकृतिका आत्मदाहका घटना एकपछि अर्को गर्दै निम्त्याइरहेका छन् भन्नेतर्फ सोच्ने बेला आएको छ । सरकार, समाज र आम नागरिकले यो विषयलाई गम्भीरतापूर्वक लिने बेला भएको छ।

नेपाली समाज किन यतिधेरै ‘फ्रस्टेटेड’ भइरहेको छ कि, आफूले जित्नुपर्ने, आफूले भनेको नै हुनुपर्ने र अरूको कुरा सुन्नै नसक्ने । अनि सरकारी सेवामा रहेकाहरू पनि किन सुमधुर स्वरले सेवाग्राहीहरूलाई व्यवहार गर्न सकिरहेका छैनन्, किन झर्किरहेका छन् ? किन कुनै बदला लिएजसरी उनीहरूसँग व्यवहार गरिरहेका छन् ? जसले गर्दा दुःखद घटनाको परिस्थिति निम्तिइरहेका छन्। ‘प्रहरी मेरो साथी’ भन्ने नारा नै छ। तर किन साथीको व्यवहार हुन सकेको छैन ? किन ‘मुस्कानसहितको सेवा’ दिन नसकेर चित्त दुखाई मात्रै भइरहेको छ ?

सम्बन्धित निकायले यी घटनाहरूबाट पाठ सिकेर आफूलाई सुधार गर्न ढिला भइसकेको छ।

यस्तै घटना यसअघि पनि भएको थियो, गत असार २५ गते । २५ वर्षीय गणेश नेपालीले त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडि आफ्नो शरीरमा पेट्रोल छर्केर आगो लगाए । तत्कालै उनको उद्धार गरेर नजिकैको वीर अस्पतालमा पुऱ्याइयो। तर शरीरको ६० प्रतिशत भाग जलिसकेकाले उनलाई चिकित्सकहरूले बचाउन सकेनन् । अस्पतालले भोलिपल्ट असार २६ गते उनको निधन भएको घोषणा गऱ्यो।

सामाजिक सञ्जालमा प्राप्त भिडियोहरू हेर्दा उनको शरिरमा ह्वारह्वारती आगो बलिरहेको थियो। उनी आगोको प्रवाह नगरी उभिइरहेका थिए। आगोले जल्दै गर्दा छट्पट्टिनुपर्ने हो। पीडा महसुस हुनुपर्ने हो। बाँच्नको लागि हारगुहार गर्नुपर्ने हो । तर उनी बेपर्वाह घटनास्थलमै उभिइरहेका थिए, शरीरमा आगो दन्दनी बलिरहेको थियो। किनकी, शरीरमा आगो लगाउने निर्णय उनी आफैँले गरेका थिए।

मान्छेले आफ्नै शरीरमा आगो लगाएर जल्ने निर्णय किन गर्छ? किन उसलाई आफ्नो शरीरको माया लाग्दैन ? किन त्यस्तो निर्णय लिनु अघि परिवारको सम्झना आउँदैन ? उनको मनमा कति गहिरो पीडा छ ? जसको कारण बाँच्नुभन्दा मर्नमा आनन्द मान्न सक्छ । त्यो दर्दनाक घटना हेर्दा सबैको मनमा यस्ता प्रश्नहरू खेल्छन्। तर, नेपालीको आत्मदाहको घटना पहिल्याउने हो भने कुनै ठूलो कारण देखिँदैन।

हो, उनीसँग गरिबी होला, अभाव, संघर्ष र पारिवारिक जिम्मेवारीका कारण तनाव अवश्य थिए होलान्, तर आत्मदाहका लागि तत्कालीन कारण भने काठमाडौँ महानगरपालिकाको नगर प्रहरीले राहदानी विभाग अगाडिको सडकमा पार्किङ गरेर राखिएको उनको मोटरसाइकलमा ‘ह्वील लक’ लगाउनु र उनीसँग विवाद हुनु देखियो।

महिला नगर प्रहरीले उनलाई ‘नो पार्किङ’ मा पार्किङ गरेको भन्दै कराउँछिन्। नेपाली भाग्न खोज्दा नगर प्रहरीको हातबाट मोबाइल झरेर फुट्छ। मोबाइलको क्षतिपूर्ति नदेउञ्जेल मोटरसाइकलको ‘ह्वील लक’ नखोल्ने प्रहरीको अडानले उनीहरू बिच विवाद बढ्छ र नेपालीले मोटर साइकलबाट पेट्रोल निकालेर आफ्नो शरीरमा छर्किन्छन् र आगो लगाउँछन्। उनीसँग न त ट्राफिक नियम उल्लंघन गरेको रकम तिर्ने पैसा हुन्छ। न त नगर प्रहरीको मोबाइलको क्षतिपूर्ति तिर्ने पैसा नै हुन्छ । विवश उनी जरिवानाको फन्दामा पर्नुभन्दा आगलागी गरेर जीवन त्याग्न तयार हुन्छन्।

यो घटनाले मान्छेमा क्षणिक आवेगले कति गम्भीर परिस्थिति निम्त्याउँछ भनेर देखाउँछ । साथै, पछिल्लो समय नेपालीहरूको मनोदशा कस्तो बन्दै गइरहेको छ भन्ने पनि देखाउँछ। सरकारी सेवामा रहेका राष्ट्रसेवक कर्मचारीहरू हुन् अथवा आम नागरिकहरूले एक आपसमा गर्ने व्यवहार कति कर्कश बनाइरहेका छन् र त्यसले कसरी आपसी असझदारी बढाइरहेको छ भन्ने पनि यो घटनाले देखाएको छ।

नेपाली समाजको सौन्दर्य आपसी मित्रता, प्रेम, सद्भाव र सहकार्य थियो र हो पनि । तर पछिल्ला दिनहरूमा व्यक्तिको मुखबाट सौम्य स्वर निस्कन छोडिसकेको छ । समझदारीपूर्ण कुरा निस्किन छोडिसकेको छ । केवल अरूको गल्ती समातेर चेप्ने प्रवृत्तिले हामीलाई स्वार्थी बनाउँदै गइरहेको छ। यसकारण कसैको आत्मसम्मानमा ठेस लाग्दा आत्मदाह गर्नुपर्ने अवस्थामा सम्म पुगिरहेका छन्।

जानेर वा नजानेर गणेश नेपालीले ‘नो पार्किङ’ मा मोटरसाइकल पार्किङ गरे । उनलाई सम्झाएर, बुझाएर त्यहाँबाट हटाउन सकिन्थ्यो। अथवा, प्रहरीको निर्देशनमा उनी पनि इमानदारितापूर्वक त्यहाँबाट निस्किन सक्ने। तर दुईको इगोको लडाइँ त्यहाँ देखिएको छ।

नेपाल प्रहरी हुन् वा नगर प्रहरी नै किन नहुन, उनीहरू आम नागरिकको पहरेदार हुन्। सुरक्षाकवच हुन् । नागरिकको सुरक्षा दिनेहरूकै व्यवहारका कारण नागरिकले असुरक्षाको महसुस, आत्मसम्मानमा ठेस लागेको महसुस गर्नुले दुई पक्ष बिच सहिष्णुता कायम भइरहन सक्दैन । यसले असमझदारी अझै बढाउँदै लैजाने निश्चित छ।

पक्कै पनि, नेपालमा सडक समस्या धेरै छ । काठमाडौँ उपत्यकामा त सडक समस्या गम्भीर रोगजस्तै बनेको छ। साँघुरा सडक तर सवारी साधनको चाप, सरकारी हुन् अथवा गैरसरकारी कार्यालय, सेवाग्राहीको सवारी साधनका लागि पार्किङको सुविधा समेत नहुनुले निकै नै समस्या छ। बेरोजगारी समस्या त हुने नै भयो। पछिल्लो समय युवाहरूको आम्दानीको स्रोत ‘राइड सेयरिङ’ हुने गरेको छ । तर ‘राइड सेयरिङ’ प्रयोगकर्ताको भीडले सडक अस्तव्यस्त पनि हुने गरेको छ।

सडक व्यवस्थापनका लागि ट्राफिक प्रहरी होस् अथवा महानगर प्रहरीलाई नै किन नहोस् धौ धौ हुने गरेको छ । एकमनले हेर्दा उनीहरू पनि मानसिक तनावमा आउनु, रिसाउनु, झोक्किनु स्वाभाविक छ। तर एकैछिनको रिसलाई नियन्त्रण गर्ने हो भने हाँसेर व्यवहार गरिदिने हो भने सबै समस्याको समाधान क्षणभरमै हुन्छ भने त्यसो किन नगर्ने ?

कसैको मृत्यु भयो भने त्यो विषय तुरुन्तै राजनीतिकरण हुन्छ। गणेश नेपालीको निधनपछि पनि उक्त घटनामा राजनीतिकरण गर्न खोजियो। प्लेकार्ड लिएर माइतिघर मण्डलामा धेरै समूह जम्मा भए । परिस्थिति नियन्त्रण लिन स्थानीय प्रशासनलाई हम्मे हम्मे नै पऱ्यो। जिल्ला प्रशासन कार्यालय काठमाडौँले पीडित परिवारसँग घटनाको छानबिन गर्ने, श्रीमतीलाई रोजगारी दिने, छोरीलाई उच्च शिक्षासम्म महानगरले पढाइदिने र छानबिन समितिको प्रतिवेदनको आधारमा नेपालीलाई सहिद घोषणाका लागि सरकारलाई सिफारिस गर्ने सम्झौतामा घटना टुंगियो।

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** नयाँ अवसरले कार्यशैलीमा उत्साह थप्नेछ। आर्थिक पक्ष बिस्तारै मजबुत बन्दै जानेछ।

**बृष :** लामो समयदेखि अड्किएको कामले निकास पाउनेछ। आत्मीय मित्रको साथले हौसला बढाउनेछ।

**मिथुन :** बौद्धिक छलफलमा तपाईंको भनाइको कदर हुनेछ। आम्दानीका थप नयाँ बाटाहरू खुल्ने सम्भावना छ।

**कर्कट :** मेहनतको नतिजाले मनमा सन्तुष्टि दिलाउनेछ। आर्थिक मामिलामा नयाँ सम्भावनाहरू देखिनेछन्।

**सिंह :** नेतृत्व क्षमता देखाउने राम्रो अवसर प्राप्त हुनेछ। आर्थिक दृष्टिकोणले आजको दिन फलदायी रहनेछ।

**कन्या :** सोचेका योजनाहरू बिस्तारै सफलतातिर अघि बढ्नेछन्। सावधानीपूर्वक गरिएको लगानीले राम्रो लाभ दिनेछ।

**तुला :** कला र सिर्जनात्मक काममा सोचेजस्तै सफलता मिल्नेछ। अचानक धनलाभ वा नयाँ फाइदाको योग छ।

**वृश्चिक :** तपाईंको कार्यक्षमताको चौतर्फी कदर हुनेछ। लेनदेनका पुराना समस्याहरू सुल्झिँदै जानेछन्।

**धनु :** अध्ययन र ज्ञान वृद्धिमा दिन फलदायी रहनेछ। आर्थिक योजनाहरूमा सोचेजस्तै प्रगति हुनेछ।

**मकर :** जिम्मेवारी बढे पनि काम सफलतापूर्वक सम्पन्न हुनेछ। व्यापार व्यवसायमा नयाँ सम्झौता हुन सक्छ।

**कुम्भ :** अधुरा कामहरू पूरा गर्ने राम्रो मौका मिल्नेछ। आर्थिक स्थितिमा बिस्तारै सुधार आउनेछ।

**मीन :** नयाँ सोच र दृष्टिकोणले अघि बढ्न प्रेरणा मिल्नेछ। आम्दानीका बाटोहरू फराकिलो बन्दै जानेछन्।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# रास्वपाले तोक्यो विभागीय प्रमुख, असोज २० देखि 'हामी आउँदै छौं' अभियान

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १७ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले विभिन्न केन्द्रीय विभागका प्रमुख, उपप्रमुख तथा सदस्य मनोनयन गरेको छ। सभापति रवि लामिछानेको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय वनस्थलीमा बसेको केन्द्रीय समिति बैठकले यस्तो निर्णय गरेको हो।

बैठकले प्रवास सम्पर्क विभाग प्रमुखमा मनिष झा, आर्थिक व्यवस्थापन विभागमा डा. मनोहर प्रधान, कानुनी मामिला तथा संस्थागत अनुपालन विभागमा मोहनलाल आचार्य, सामाजिक न्याय, लैङ्गिक समानता तथा समावेशिता विभागमा रुबिना आचार्य र सुशासन तथा राज्य व्यवस्था विभागमा सुदिप ढकाललाई प्रमुख तोकेको छ।

त्यस्तै, विधायन, संसदीय मामिला तथा न्याय प्रणाली विभागमा सुलभ खरेल, कृषि, भूमि व्यवस्था तथा सहकारी विभागमा ज्ञानेन्द्र महता, श्रम, रोजगारी तथा सामाजिक सुरक्षा विभागमा दिपक कुमार साह (महोत्तरी), आपूर्ति, बजार सुशासन तथा उपभोक्ता अधिकार विभागमा शर्मिला खनाल तथा विज्ञान, सूचना प्रविधि, नवप्रवर्तन तथा स्टार्टअप विभागमा आनन्द बहादुर चन्दलाई प्रमुख मनोनयन गरिएको छ।

संस्कृति, पर्यटन तथा राष्ट्रिय सम्पदा विभागको प्रमुखमा डा. धनञ्जय रेग्मी र सदस्यमा सम्राट बुढाथोकी तथा वातावरण, जलवायु तथा प्राकृतिक स्रोत विभागको प्रमुखमा धर्म केसीलाई मनोनयन गरिएको छ। सामाजिक न्याय तथा समता प्रवर्द्धन विभागको प्रमुखमा रिमा विश्वकर्मालाई मनोनयन गरिएको छ।




बैठकले अभियान तथा प्रचारप्रसार विभागको उपप्रमुखमा आनन्द मिश्र र अर्थ विभागको उपप्रमुखमा डिल्लिश्वोर कार्की (रोहन)लाई मनोनयन गरेको छ।

**७७ जिल्लाका ७५३ पालिकामा 'हामी आउँदै छौं'**

रास्वपाले असोज २० देखि २७ गतेसम्म 'हामी आउँदै छौं' अभियान सञ्चालन गर्ने निर्णयसमेत गरेको छ।

अभियानअन्तर्गत केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्यहरू ७७ जिल्लाका ७५३ पालिकासम्म पुगेर जनता, पार्टी तथा सरोकारवालासँग छलफल गर्ने र सुझाव संकलन गर्नेछन्। बैठकले सबै केन्द्रीय सदस्य तथा सांसदलाई अभियानमा अनिवार्य रूपमा परिचालित हुन निर्देशन दिएको छ।

**मधेश प्रदेशको संगठनसम्बन्धी प्रतिवेदन अध्ययन गरिने**

बैठकमा रास्वपा मधेश प्रदेश संगठनका समस्या तथा समाधानका विषयमा सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा गठित कार्यदलले तयार पारेको विस्तृत प्रतिवेदन पार्टी सभापति रवि लामिछानेलाई बुझाएको जानकारी गराइएको छ।

बैठकले उक्त प्रतिवेदन अध्ययन गरेपछि आवश्यक कदम चाल्ने जनाएको छ।

**केन्द्रीय कार्यालयका लागि जग्गा वा घर खोज्न आग्रह**

रास्वपाले केन्द्रीय कार्यालय अन्यत्र सार्नुपर्ने आवश्यकता महसुस गर्दै काठमाडौं उपत्यकामा पार्टीलाई पायक पर्ने स्थानमा जमिन वा घर खरिदका लागि खोजी गर्न पार्टी सदस्य तथा शुभेच्छुकलाई आग्रह गरेको छ।

बैठकले विजयादशमी, दीपावली, नेपाल संवत्को नयाँ वर्ष तथा छठ पर्वका अवसरमा सम्पूर्ण नेपालीलाई शुभकामनासमेत दिएको पार्टी प्रवक्ता जगदीश खरेलले जानकारी दिएका छन्।

**स्थानीय निर्वाचनका उम्मेदवार चयन समित गठन**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले स्थानीय निर्वाचनका उम्मेदवार चयनका लागि समिति गठन गरेको छ। विपिनकुमार आचार्यको संयोजकत्वकको उम्मेदवार चयन समितिमा सदस्य मनोनीत गरेको प्रवक्ता जगदीश खरेलले जानकारी दिए।

उनका अनुसार समितिमा सातै प्रदेशबाट प्रतिनिधित्व हुनेगरी सदस्य मनोनयन गरिएको छ। जसअनुसार कोशी प्रदेशबाट मिलन लिम्बु, मधेशबाट रहबर अन्सारी, बागमतीबाट तोसिमा कार्की, गण्डकीबाट कविन्द्र

बाँकी पृष्ठ ४ ▸▸




# मधेश प्रदेशमा अनलाइन उद्योग दर्ता सेवा सुरु

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १७ गते**

मधेश प्रदेशमा उद्योग व्यवस्थापन सूचना प्रणाली (आईएमआईएस) मार्फत अनलाइन उद्योग दर्ता तथा नवीकरणलगायतका सेवा औपचारिक रूपमा सुरु भएको छ।

जनकपुरधाममा शुक्रबार उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेलले अनलाइन उद्योग दर्ता सेवाको उद्घाटन गर्दै अब उद्योगी तथा उद्यमीले सम्बन्धित कार्यालयमा पटक-पटक धाउनुपर्ने बाध्यता अन्त्य भएको बताएका छन्।

मन्त्री पटेलले सेवाग्राहीले घरमै बसेर अनलाइनमार्फत उद्योग दर्ताका लागि आवश्यक प्रक्रिया पूरा गरी उद्योग सञ्चालन गर्न सक्ने व्यवस्था मधेश प्रदेशबाट सुरु गरिएको बताए। उनले अनलाइन प्रणालीबाट उद्योग दर्ता गर्न सकिने विषयलाई आम नागरिकसम्म पुर्याउन आवश्यक रहेको बताए।

विदेशमा रोजगारीका लागि जान चाहने युवालाई लक्षित गर्दै मन्त्री पटेलले विदेश जानका लागि खर्च गर्ने रकमलाई आफ्नै गाउँठाउँमा साना तथा मझौला उद्योग स्थापना गर्न लगानी गर्न आग्रह गरे।




अनलाइन सेवा सुरु भएसँगै उद्योगी तथा उद्यमीलाई सहज रूपमा सेवा उपलब्ध हुने उनले विश्वास व्यक्त गरे।

उद्योग विभागकी महानिर्देशक रीया साहले मधेश प्रदेशका आठवटै जिल्लाबाट साना तथा मझौला उद्योग अनलाइनमार्फत दर्ता गर्न सकिने जानकारी दिइन्।

महानिर्देशक साहले जनाए अनुसार उद्योग दर्ताका लागि अनलाइन फारम भरेपछि आवश्यक कागजातसमेत अनलाइनमार्फत अपलोड गर्नुपर्नेछ। प्राप्त विवरण र कागजातको आधारमा सम्बन्धित कार्यालयले प्रक्रिया अघि बढाउनेछ। दर्ता प्रक्रियाबारे सेवाग्राहीलाई सम्पर्क वा अनलाइन माध्यमबाट जानकारी गराइनेछ।

दर्ताको अन्तिम चरणमा आवश्यक परे सम्बन्धित कार्यालयबाट उद्योग दर्ता प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था गरिएको साहले बताइन्।

उनले सेवाग्राहीका समस्या तथा गुनासा सम्बोधन गर्न सम्बन्धित कार्यालयमा सम्पर्क व्यक्ति तोक्ने तयारीसमेत भइरहेको जानकारी दिइन्। सम्पर्क व्यक्तिमार्फत सेवाग्राहीले अनलाइन उद्योग दर्तासँग सम्बन्धित समस्या तथा कठिनाइबारे जानकारी गराउन सक्ने व्यवस्था मिलाइने उनको भनाइ छ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क ०३३-५२१२१४**

## मधेशका मुख्यमन्त्रीलाई बालबालिकाको .............

साथ युथ फर चेन्जका युवा प्रतिनिधिले मुख्यमन्त्री यादवसमक्ष बालबालिकाका माग तथा सुझाव समेटिएको 'बालबालिकाको चिठ्ठी' हस्तान्तरण गरेका हुन्।

सेभ द चिल्ड्रेनको साझेदारीमा सामुदायिक विकास तथा पैरवी मञ्च नेपालद्वारा सञ्चालित समुन्नति कार्यक्रमअन्तर्गत बालविवाह अन्त्य तथा बालअधिकार प्रवर्द्धनका लागि बालबालिका र युवाहरू सक्रिय रूपमा पैरवीमा जुटिरहेका छन्।

महोत्तरीका एक सयभन्दा बढी बालबालिकाले मुख्यमन्त्रीलाई लेखेको चिठ्ठीमा आर्थिक रूपमा कमजोर बालबालिकाका लागि छात्रवृत्ति, बालमैत्री शौचालय, समयमै पाठ्यपुस्तक उपलब्धता, खेलकुद सामग्रीमा पहुँच, सडक तथा ढल व्यवस्थापन सुधार, विद्यालय तथा समुदायमा बालमैत्री पूर्वाधार निर्माणलगायतका विषय समावेश गरिएका छन्।

## दुई महिनामा विपद्का घटनाबाट मधेश प्रदेशमा ..............

छ। बाढी, डुबान तथा पानीमा डुब्ने घटनाका साथै करेन्ट र अन्य जोखिमपूर्ण घटनामा बालबालिका समेत पर्ने गरेका छन्।

मधेशमा वर्षायामसँगै बाढी तथा डुबानको जोखिम बढ्ने गरेको छ। यस अवधिमा खोलानाला तथा नदीमा पानीको बहाव बढ्नुका साथै ग्रामीण क्षेत्रमा रहेका पोखरी, खाल्डाखुल्डी तथा जलाशयमा डुबेर मानिसको मृत्यु हुने गरेको प्रहरीले जनाएको छ।

प्रदेश प्रहरी कार्यालयका अनुसार दुई महिनाको अवधिमा आगलागीका मात्रै ११२ घटना भएका छन्। आगलागीका कारण ठूलो मात्रामा धनमालको क्षति भएको छ।

त्यसैगरी करेन्ट लागेका १०७ घटना भएका छन्। पानीमा डुबेका ३७, जङ्गली जनावरको आक्रमणका ३२, बाढीका १२ तथा चट्याङका १० घटना भएको प्रहरीले जनाएको छ।

आगलागी र करेन्टसँग सम्बन्धित घटनाको सङ्ख्या उल्लेख्य देखिएपनि यी घटनामा मानवीय क्षति न्यूनीकरणका लागि पूर्वसावधानी तथा जनचेतनाको भूमिका महत्त्वपूर्ण हुने एसएसपी ढकालले बताए।

विपद्का ४५९ घटनाबाट दुई करोड ९२ लाख ४७ हजार ५५५ रुपैयाँ बराबरको भौतिक क्षति भएको मधेश प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ। आगलागीका घटनाबाट मात्रै २१२ परिवारका घर जलेका छन्। आगलागीबाट मात्रै दुई करोड ७० लाख १३ हजार ३५० रुपैयाँ बराबरको क्षति भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ।

## आत्मदाहको आगोमै जल्यो .............

तत्काललाई फिल्डमा खटिएका महानगर प्रहरीलाई निलम्बन गरियो। यसरी, कुनै सहमति गरेर पीडित परिवारलाई चुप लगाउनुले मात्रै समस्याको समाधान गरेको छैन। न त प्रहरीलाई यस्ता घटनाहरूको उचित व्यवस्थापनका लागि तालिम दिइएको छ, न त आम नागरिकलाई नै सचेत गराइएको छ। न त दोषी उपर कारबाहीको डन्डा नै चलाइएको छ। बरु तत्कालै घटना दबाउनेतिर सरकारको ध्यान जानुले यी समस्याहरूको दीर्घकालीन समाधान नहुने देखिन्छ।

## सिरहामा ११० किलो गाँजासहित .............

गाँजासहित नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए।

पक्राउ पर्नेमा औरही गाउँपालिका -२, देउरीपट्टीका ४३ वर्षीय मिश्रीलाल सदाय, सोही स्थानका ३१ वर्षीय मनिकलाल सदाय र धनगढीमाई नगरपालिका-५ का ३३ वर्षीय श्यामसुन्दर यादव रहेका छन्।

प्रहरीले उनीहरूको साथबाट तीन थान मोबाइल फोनसमेत बरामद गरेको जनाएको छ।

पक्राउ परेका तीनै जनालाई गाँजासहित आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**

सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल

फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# सिरहाको चोहर्वा सर्पदंश उपचार केन्द्रमा आईसीयू र भेन्टिलेटर सेवा विस्तार गरिने

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १७ गते**

सर्पदंशबाट हुने जनधनको क्षति न्यूनीकरण गर्दै गम्भीर प्रकृतिका बिरामीलाई जिल्लामै प्रभावकारी उपचार सेवा उपलब्ध गराउने उद्देश्यले सिरहाका सामुदायिक सर्पदंश उपचार केन्द्रको स्तरोन्नति गर्ने पहल अघि बढाइएको छ।

नेपाली सेनाको श्री नन्दबक्स गणको सहजीकरणमा चोहर्वा र बन्दीपुरस्थित सामुदायिक सर्पदंश उपचार केन्द्रको व्यवस्थापन, स्तरोन्नति तथा प्रभावकारी सञ्चालनका विषयमा स्थानीय तहका प्रमुख, निमित्त प्रमुख जिल्ला अधिकारी तथा पालिका प्रतिनिधिहरूबीच अन्तरक्रियात्मक कार्यक्रम गरिएको हो।

अन्तरक्रियामा सर्पदंशका बिरामीलाई समयमै उपचार केन्द्रसम्म पुऱ्याउने व्यवस्था, आवश्यक जनशक्ति, औषधि तथा उपकरणको उपलब्धता, व्यवस्थापन समिति विस्तार तथा उपचार केन्द्रलाई नियमित र व्यवस्थित रूपमा सञ्चालन गर्ने विषयमा छलफल भएको थियो।

विशेषगरी गम्भीर अवस्थाका सर्पदंशका बिरामीलाई उपचारका लागि जिल्लाबाहिर पठाउनुपर्ने बाध्यता अन्त्य गर्न चोहर्वा सर्पदंश उपचार




केन्द्रमा आईसीयू र भेन्टिलेटरको सुविधा विस्तार गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ।

कार्यक्रममा सहभागी स्थानीय तहका प्रतिनिधिहरूले उपचार केन्द्रको स्तरोन्नतिका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। स्थानीय तह, नेपाली सेना र उपचार केन्द्र व्यवस्थापन समितिबीच थप प्रभावकारी समन्वय र सहकार्य गर्दै केन्द्रको सेवा विस्तार गर्ने विषयमा समेत जोड दिइएको थियो।

नेपाली सेनाका अनुसार स्थापना भएदेखि चोहर्वा र बन्दीपुरका दुवै सामुदायिक सर्पदंश उपचार केन्द्रबाट २४ घण्टा सेवा प्रदान हुँदै आएको छ।

हालसम्म यी दुई केन्द्रबाट करिब १२ हजार सर्पदंश प्रभावितले उपचार सेवा लिइसकेका छन्। चोहर्वा सर्पदंश उपचार केन्द्र व्यवस्थापन समितिका अध्यक्ष विजय महासेठका अनुसार केन्द्रमा आईसीयू तथा भेन्टिलेटरको सुविधा नहुँदा गम्भीर अवस्थाका बिरामीलाई अन्यत्र रिफर गर्नुपर्ने बाध्यता छ।

'गम्भीर बिरामीलाई अन्यत्र लैजाँदा उपचारमा ढिलाइ हुने र बाटोमै ज्यान जाने जोखिम हुन्छ,' महाशेठले भने, 'त्यसमाथि आर्थिक रूपमा विपन्न परिवारले महँगो उपचार खर्चसमेत व्यहोर्नुपर्ने अवस्था छ।'

सर्पदंशका बिरामीलाई जिल्लामै आवश्यक उपचार उपलब्ध गराउन सबै स्थानीय तहले समान रूपमा जिम्मेवारी लिएर उपचार केन्द्रको स्तरोन्नतिमा सहयोग गर्नुपर्ने उनले बताए।




## चाडपर्व लक्षित धनुषामा १ हजार २ सयभन्दा बढी ............

परिचालन गर्न ४६ वटा पैदल गस्ती, बजार अनुगमनका लागि ७ टोली राखिएको छ।

यस्तै, स्वीप अपरेशनका लागि ७ वटा ठाउँ पहिचान गरिएको उनले बताए। विपद् प्रतिकार्यका लागि १५ वटा टिम, गाडी मोबाइल १३ वटा, लालगढमा एउटा रिफ्रेस सेन्टर, लामो दुरीका सवारी साधन चेकजाँच गर्न २ स्थान, दैनिक आरएससीसी चेकिंगको व्यवस्था गरिएको प्रहरी उपरीक्षक खड्काले बताए।

चाडपर्वको समयमा बैंक तथा वित्तीय संस्था, सुन-चाँदी पसल, मोटरसाइकल चोरीका लागि बीएसपी सुरक्षा कार्ययोजना तयार गरीएको उनले बताए।

यसैगरि उनले आफू आएपछि जिल्ला प्रहरी कार्यालयबाट भएको गतिविधिको बारेमा जानकारी गराएका हुन्। जेठ २३ गतेदेखि असोज १५ गतेसम्ममा ५९९ वटा मुद्दा दर्ता भएकोमा ५९० वटा फछ्र्यौट भएको जानकारी दिए। यस्तै, अनुसन्धानमा ६६ वटा चालु मुद्दा रहेको छ।

जिल्ला प्रहरी कार्यालयमा विगतदेखि हालसम्म १ हजार २७० वटा पेण्डिंग मुद्दा रहेको उनले जानकारी गराए।

फैसला कार्यान्वयको क्रममा यस अवधिमा ६३८ जना पक्राउ गरिएकोमा उनीहरुबाट २३० वर्ष ९ महिना २६ दिन कैद भुक्तान गराइएको हो।

**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं।
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं।
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं।
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं।
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं।
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं।
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं।
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं।

**जलवायु परिवर्तनको असरबारे सचेत बनौं,**
**जलवायु–उत्थानशील समाज निर्माण गरौं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# दसैँका लागि काठमाडौं उपत्यकाबाट घर फर्किन थाले यात्रु

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज १७ गते**

दसैँ, तिहारलगायतका ठुला चाडपर्व नजिकिएसँगै काठमाडौं उपत्यकाबाट घर फर्किने यात्रुको चाप बढ्न थालेको छ। चाडपर्वका अवसरमा उपत्यकाबाट कम्तीमा आठ लाखभन्दा बढी नागरिक बाहिरिने अनुमान गरिएको छ।

चाडपर्व मनाउन उपत्यकामा रहेका नागरिक आ-आफ्नो स्थायी घर फर्किने क्रम सुरु भएसँगै काठमाडौंका प्रमुख बसपार्क तथा उपत्यका बाहिरिने नाकामा यात्रुको चहलपहल बढेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए।

उनले भने, "विशेषगरी दसैँका लागि घर फर्किने यात्रुको सङ्ख्या क्रमशः बढ्दै गएको छ। यो वर्ष दसैँ तिहारलगायतका चाडपर्वका लागि उपत्यकाबाट कम्तीमा पनि आठ लाख बढी बाहिरिने अनुमान गरिएको छ।"

नेपाल राष्ट्रिय यातायात व्यवसायी महासङ्घका अध्यक्ष पुण्यप्रसाद सिटौंलाका अनुसार चाडपर्वको मुख्य समय नजिकिँदै जाँदा सार्वजनिक सवारीसाधनमा यात्रुको चाप थप बढ्न थालेको छ। उनले उपत्यकाबाट देशका विभिन्न जिल्लामा जाने यात्रुलाई सहज रूपमा गन्तव्यसम्म पुर्याउन नियमित सेवासँगै आवश्यकताअनुसार अतिरिक्त सवारीसाधन सञ्चालनको तयारी गरिएको छ।

चाडपर्वमा यात्रुको अत्यधिक चाप हुने भएकाले टिकट बिक्री,




सवारीसाधनको अवस्था, भाडादर तथा यात्रुको सुरक्षालाई प्राथमिकतामा राखेर सम्बन्धित निकायले अनुगमनसमेत बढाएका छन्। यात्रुलाई तोकिएको भाडा तिर्न र आधिकारिक काउन्टरबाट टिकट लिन आग्रह गरिएको छ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरीले चाडपर्वका समयमा सवारीसाधनको चाप बढ्ने भएकाले मुख्य सडक तथा उपत्यका बाहिरिने नाकामा ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउने तयारी गरेको छ। यात्रुको सहज आवागमनका लागि सम्भावित भिडभाड हुने स्थानमा आवश्यक जनशक्ति परिचालन गरिने ट्राफिक प्रवक्ता सुवेदीको भनाइ छ।

दसैँ-तिहारका समयमा ठुलो सङ्ख्यामा नागरिक उपत्यकाबाट बाहिरिने भएकाले सार्वजनिक यातायातमा हुने सम्भावित ठगी, बढी भाडा असुली, क्षमताभन्दा बढी यात्रु बोक्ने तथा असुरक्षित रूपमा सवारी सञ्चालन गर्ने गतिविधिमाथि निगरानी बढाइने जनाएको छ।

चाडपर्वमा घर फर्किने यात्रुले अग्रिम रूपमा टिकटको व्यवस्था गर्न, सवारीसाधनको अवस्था बुझेर यात्रा गर्न तथा यात्राका क्रममा सावधानी अपनाउन सम्बन्धित निकायले आग्रह गरेका छन्।

# जनमत पार्टीको दोस्रो महाधिवेशन सुरु, अध्यक्षमा सीके राउतको एकल उम्मेदवारी

**अपन दैनिक संवाददाता**
**वीरगञ्ज, असोज १७ गते**

जनमत पार्टीको दोस्रो राष्ट्रिय महाधिवेशन शनिबारदेखि वीरगञ्जमा सुरु भएको छ।

महाधिवेशनले नयाँ केन्द्रीय कार्यकारिणी समिति चयन गर्ने तयारी छ।

अध्यक्ष पदमा डा. चन्द्रकान्त (सीके) राउतको मात्रै उम्मेदवारी परेको छ। तर, अन्य पदमा भने प्रतिस्पर्धा हुनेछ। विभिन्न पदमा कुल १०३ जनाले उम्मेदवारी दिएका छन्।

सात उपाध्यक्षका लागि १४ जना, महासचिवमा तीन जना, उपमहासचिवमा दुई जना र सात सचिव पदका लागि १० जनाले उम्मेदवारी दिएका छन्।

यस्तै, केन्द्रीय कार्यकारिणी समिति सदस्य पदका लागि ७३ जनाको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ।

## रास्वपाले तोक्यो विभागीय प्रमुख ............

बुर्लाकोटी, लुम्बिनीबाट सुशान्त बैदिक, कर्णालीबाट तासी लाजुङ र सुदूरपश्चिमबाट जनकसिंह धामीलाई मनोनयन गरिएको छ। बैठकले स्थानीय तह निर्वाचनका लागि पार्टीका उम्मेदवार छनोटसम्बन्धी जिम्मेवारी उक्त समितिलाई दिने निर्णय गरेको हो।

## ब्राउन सुगरजस्तो देखिने पदार्थसहित युवक ............

प्रहरीका अनुसार बसमा सवार धनगढीमाई नगरपालिका-७ का २० वर्षीय अजयकुमार यादवको जिन्स पाइन्टको बायाँ खल्तीमा कालो प्लास्टिकले बेरेर लुकाइराखेको अवस्थामा ब्राउन सुगरजस्तो देखिने खैरो पदार्थ फेला परेको थियो।

बरामद पदार्थ प्लास्टिकसहित तौल गर्दा १० ग्राम ४१० मिलिग्राम र प्लास्टिक हटाउँदा ५ ग्राम रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

प्रहरीले यादवको साथबाट सामसुङ कम्पनीको एक थान स्क्रिन टच मोबाइलसमेत बरामद गरेको छ।

बरामद पदार्थसहित यादवलाई नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय मिर्चैया ल्याइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।**

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,*
*मधेश प्रदेश सिरहा नेपाल*

